प्रतिदिन १८ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०१८ ॥ २०८२ फागुन ०५ गते मंगलबार (17th Feb 2026 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# निर्वाचन आयोगको निर्देशन उम्मेद्वारले मानेनन्

मेचीनगर । निर्वाचन आयोगको निर्देशनलाई झापा निर्वाचन क्षेत्र नम्बर १ का अधिकाँश दल र स्वतन्त्र उम्मेद्वारले अवज्ञा गरेका छन् । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि फागुन ३ गतेभित्र घोषणा पत्र पेस गर्न दलहरूलाई आयोगले निर्देशन गरेको थियो ।

तर, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ बाट छ जनाले मात्र चुनावी घोषणा पत्र निर्वाचन अधिकृतको कार्यालयमा पेश गरेको निर्वाचन अधिकृतको कार्यालय मेचीनगरले जनाएको छ । कार्यालयका अनुसार नेपाल कम्युनिष्ट पार्टी एमाले, श्रम संस्कृति पार्टी, मंगोल नेशनल अर्गनाइजेशन, उज्यालो नेपाल पार्टी , संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मात्र चुनावी घोषणा पत्र निर्वाचन




अधिकृतको कार्यालयमा पेश गरेका छन् । निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रेस विज्ञप्तिमार्फत २१ फागुनमा निर्वाचनमा भाग लिने दलहरूले निर्वाचन आयोगमा फागुन ३ गतेसम्म चुनावी घोषणा पत्र पेस गर्नुपर्ने जनाएका थिए ।

विज्ञप्तिमा भनिएको थियो, 'निर्वाचनमा भाग लिएका राजनीतिक दलहरू तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारहरूले निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ बमोजिम संवत् २०८२ साल फागुन ३ गते भित्र निर्वाचन घोषणा पत्र सार्वजनिक गरी राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्न राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।' तर दलहरुले आयोगको निर्देशन नमानेको निर्वाचन अधिकृत गोपी विश्वकर्माले बताए । 'हामीले टेलिफोन सम्पर्कमार्फत दल र स्वतन्त्र उम्मेद्वारलाई फागुन ३ गतेभित्र घोषणा पत्र पेश गर्न आग्रह गरिरहेका छौं' निर्वाचन अधिकृत विकले भने, 'अहिलेसम्म छ वटा दलकोमात्र घोषणा पत्र कार्यालयमा दर्ता भएको छ । हामीले घोषणा पत्र पेश गर्न आग्रह गरिरहेका छौ । हाम्रो ताकेता जारी छ ।'

प्रतिनिधिसभा सदस्यका लागि झापा निर्वाचन क्षेत्र नम्बर १ मा दुई स्वतन्त्रसहित १५ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन् । नेकपा (एमाले)को तर्फबाट रामचन्द्र उप्रेती, नेपाली काँग्रेसबाट केशवराज पाण्डे,नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट अशेष घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निशा डाँगी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट हेमराज कार्की, श्रम संस्कृति पार्टीबाट केवलराम राई, मंगोल नेशनल अर्गनाइजेशनबाट सन्तोष तामाङ, उज्यालो नेपाल पार्टीबाट नरेशकुमार लावती, नेपाल मजदुर किसान पार्टीबाट हिरण्यप्रसाद भट्टराई, नेपाल जनमुक्ति पार्टीबाट खान्द्रु करुवा, जनता समाजवादी पार्टीबाट रमा मेचे, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट मानबहादुर साँवा लिम्बू र नेपाल सद्भावना पार्टीबाट ओलिन राजवंशीले उम्मेद्वारी दर्ता गराएका छन् । गणेशप्रसाद खरेल र दुर्गाप्रसाद साँवा लिम्बू स्वतन्त्र उम्मेदवारको रूपमा चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

## गौरादहमा मोटरसाइकल दुर्घटनामा परी चालकको मृत्यु

झापा, फागुन ४ । झापाको गौरादहमा मोटरसाइकल दुर्घटनामा परी चालकको मृत्यु भएको छ ।

सोमवार बिहान गौरादह ४ मजुवास्थित भित्री सडकखण्डमा सोही ठाउँ बस्ने ५० वर्षीय भिमबहादुर दर्जी मकैबारीको पानीमा घोप्टो परी मृत अवस्थामा फेला परेका थिए । उनी सवार



प्रदेश नं. १-०१-०१६ प. ८९२४ मोटरसाइकल चल्न नसक्ने अवस्थामा घटनास्थलनजिकै फेला परेको थियो । स्थानीयले देखेर सोमवार बिहान प्रहरीलाई खबर गरेका थिए । दर्जी आइतवार राति साथीको घर मजुवाबाट दुर्गाचोकतर्फ आउँदै गरेको बुझिएको छ । घटनास्थलको प्रकृति, उनी सवार मोटरसाइकल लगायतको प्रारम्भिक अनुसन्धानमा सवारी दुर्घटना भई मृत्यु भएको हुनसक्ने देखिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी अधिकृतको टोली खटिएर लाश पोष्टमार्टमको लागि दमक अस्पताल दमक पठाएको छ ।

## जनता हप्काउने पूर्वसभामुख घिमिरेसंग बदला !

झापा, फागुन ४ । गत वर्ष अर्जुनधारामा भूमिसम्बन्धी समस्याका बारेमा आयोजित अन्तरक्रिया कार्यक्रममा पूर्वसभामुख देवराज घिमिरेले सरोकारवालाहरुलाई हप्काएका थिए । सरोकारवालाहरुले अर्जुनधारा ११ स्थित बिर्तामोड बसपार्कको जग्गालगायतका भूमि समस्याका बारेमा पटकपटक ध्यानाकर्षण गराउँदासमेत समाधान नभएको गुनासो गर्दा सभामुख पदमा रहेका घिमिरेले उल्टै हप्काएका थिए । अहिले भोट माग्दै हिडिरहँदा मतदाताहरुले घिमिरेसंग बदला लिएका छन् ।

तीन दिनअघि बिर्तामोडको भद्रपुर रोडमा रहेका पसल-पसलमा पुगेर उनले भोट मागिरहँदा एकजना महिलाले हप्काएकी हुन् । उनले घिमिरेलाई यस पटक भोट नदिने भनेर ठाडै इन्कार गरेकी थिइन् । एकजना पसल संचालिकाले प्रतिवाद गरेपछि घिमिरे त्यहाँबाट चुप लागेर हिडेको एकजना प्रत्यक्षदर्शीले बताए । घिमिरेलाई मतदाताले हप्काएको भिडियो सामाजिक संजालमा भाइरल बनेको छ ।

गत वर्षको पुष २६ गते अर्जुनधाराको भूमिसम्बन्धी समस्याका बारेमा अर्जुनधारा नगरपालिकाको सभाहलमा अन्तरक्रिया कार्यक्रम राखिएको थियो । त्यस अन्तरक्रिया कार्यक्रममा अर्जुनधाराका भूमिसम्बन्धी फोकल पर्सन वीरबहादुर राईले यसअघि सभामुख घिमिरेले १५ दिनभित्र केही गर्छु भनी आश्वासन दिएकोमा अहिलेसम्म केही नभएको गुनासो गरेका थिए । उनले 'हुन्छ बहादुर र भोलि बहादुर' भन्ने प्रवृत्ति नहटेको बताएका थिए ।

त्यस्तै बिर्तामोड बसपार्कबासीका तर्फबाट सुजन शिवाकोटीले ज्ञापनपत्र बुझाउँदै दीर्घकालीन रुपमा आफूहरुको समस्या समाधान नभए जस्तोसुकै आन्दोलन गर्ने चेतावनी दिएका थिए ।

आफूलाई 'हुन्छ बहादुर र भोलि बहादुर' भनेकोमा चित्त दुखाउँदै पूर्वसभामुख घिमिरेले झापाका जिम्मेवार व्यक्तिहरुबाट आएको त्यस किसिमको हल्का टिप्पणीबाट समस्या हल नहुने जवाफ दिएका थिए ।

अहिले चुनावको बेला नभएको भन्दै उनले आक्रोशित हुँदै भने,' अहिले चुनाव आएको छ र ? जे पनि भन्दिने ।' यो तरिका बेठीक भएको भन्दै उनले राजनीतिलाई कमजोर पार्ने कोसिस नगर्न चेतावनीसमेत दिएका थिए ।जनताको मत लिएर सभामुख बनेपछि सर्वसाधारण जनतालाई नगन्ने स्वभाव भएका घिमिरेका बारेमा चुनावकै बेला आफूहरुले विचार गर्नुपर्ने झापा २ का मतदाताहरुको प्रतिक्रिया रहेको छ । घिमिरे दोस्रो कार्यकालका लागि झापा २ मा एमालेका तर्फबाट उम्मेदवार बनेका छन् ।

## मछिन्द्रले जित्यो झापा गोल्डकपको उपाधि

बिर्तामोड, फागुन ४ । मछिन्द्र फुटबल क्लब काठमाडौँले सशस्त्र प्रहरीको एपिएफ फुटबल क्लबलाई ३-१ गोल अन्तरले पराजित गर्दै सातौं झापा गोल्डकप विनोद बस्नेत स्मृति संस्करणको उपाधि हात पारेको छ । डोमालाल राजवंशी रंगशालामा सोमवार भएको फाइनल खेलमा अधिकांश झापाली खेलाडी सहभागी मछिन्द्रले पहिलोपटक




झापा गोल्डकपको उपाधि उचालेको हो ।

उपाधिसँगै मछिन्द्रले नगद १५ लाख रुपैयाँ र ट्रफी प्राप्त गरेको छ । एपिएफले भने ७ लाख ५० हजार रुपैयाँमा चित्त बुझायो । यो वर्षको नेपालकै सबैभन्दा बढी पुरस्कार राशि भएको प्रतियोगिता झापा गोल्डकप हो ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम मछिन्द्रका प्रदिप बुढाथोकी घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मछिन्द्रका पेमा तामाङ भए । उनले यामाहा कम्पनीको एकथान मोटरसाइकल पाए । बेष्ट गोलकिपर मछिन्द्रका विशाल श्रेष्ठ, बेष्ट कोच मछिन्द्रकै प्रवेश कटवाल, हाई स्कोरर मछिन्द्रका जोनाथन जोरिल्ला भए । उनीहरुले जनही ३५ हजार रुपैयाँ र ट्रफी पाए ।

प्रतियोगितामा टिकट लिएर फुटबल हेर्ने दर्शकमध्ये गोलाप्रथाबाट बिर्तामोडकी प्रिती मोक्तानले यामाहा कम्पनीको एकथान स्कुटर पाइन् ।

खेलको ३१ औं मिनेटमा मछिन्द्रले अग्रता बनायो । मछिन्द्रका स्ट्राइकर प्रदिप बुढाथोकीले विदेशी खेलाडी अयोला हमजातको पासमा गोल गरेका थिए । विपक्षी पोष्टको बायाँ बार च्याप्दै गरेको उनको प्रहार गोल भएको थियो ।

एपिएफमाथि पहिलो हाफमा लगातार दबाब कायम राखेको मछिन्द्रले अर्को गोल पहिलो हाफको ४५ औं मिनेटमा लगायो । देवेन्द्र तामाङको लामो प्रहारलाई मछिन्द्रका फ्रयाङ्क अनोहले गोल गर्न सफल भएका थिए ।

खेलको ८३ औं मिनेटमा मछिन्द्रले अर्को गोल थप्यो । मछिन्द्रका अयोला हमजातको कर्नर प्रहारमा डिफेण्डर अलिसन अलिजोनोभले गोल गर्न सफल भए ।


पहिलो हाफमा २-० गोल अन्तरले पछाडि परेको एपिएफले दोस्रो हाफमा मछिन्द्रमाथि दबाब दिएको थियो । खेलको ८२ औं मिनेटमा एपिएफले एक गोल फर्कायो । विश्वास उदासको फ्रिकिकलाई मछिन्द्रका डिफेण्डरले क्लियर गर्न नसकेको बललाई एपिएफका दिपेश धिमालले सुन्दर गोल गरे ।

खेलको ७६ औं मिनेटमा एपिएफ १० खेलाडीमा सीमित भयो । डिफेण्डर मानबहादुर राना मगर दोहोरो पहेँलो कार्डका कारण रातो कार्ड पाउँदै मैदानबाट बाहिरिएपछि एपिएफले खेलमा दबाबको सामना गरेको थियो ।

प्रतियोगितामा नेपालका तीन विभागीय क्लब नेपाल पुलिस क्लब, सशस्त्र प्रहरीको एपिएफ फुटबल क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, मछिन्द्र फुटबल क्लब, लालीगुराँस एसोसिएसन नेपाल पोखरा, चर्च ब्वाइज युनाइटेड, आयोजकको टिम झापा-११ तथा भारतको सिङलिङ स्पोर्टिङ क्लब, भुटानको आरटिसी भुटान र मलेसियाको एन पेनाङ एफसीको सहभागिता रहेको थियो ।

विजेता तथा उपविजेतालाई प्रमुख अतिथि अखिल नेपाल फुटबल संघका अध्यक्ष पंकजविक्रम नेम्वाङ, बिर्तामोडका नगरप्रमुख पवित्रा महतारा प्रसाईं, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, किंग्सबेरी इन्टरटेन्मेन्टका जानु धिताल र जमुना धिताल, अन्तर्राष्ट्रिय झापाली समाजका उपाध्यक्ष नविन पोखरेल, भद्रपुर झापा गोल्डकपका अध्यक्ष दिपेश ढकाल, आयोजक झापा गोल्डकपका अध्यक्ष केदार गिरीलगायतले पुरस्कार वितरण गरेका थिए । समापन कार्यक्रममा नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वसदस्य नरोत्तम गौतमलाई नगद २५ हजार रुपैयाँसहित सम्मान गरिएको थियो ।

## इप्रका बिर्तामोडबाट हतियार लुट्ने एकजना पक्राउ



झापा, फागुन ४ । जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय बिर्तामोडबाट हतियार लुट्ने एकजना पक्राउ परेका छन् ।

आइतवार दिउँसो १:३० बजे कनकाई ८ मिश्रा टोल बस्ने तुलबहादुर थापा मगरको घरमा लागूऔषध लुकाई छिपाई राखेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी नायव उपरीक्षक बिजय श्रेष्ठको कमाण्डमा लागूऔषध ब्युरो काँकडभिट्टाबाट प्रहरी नायव निरीक्षक कुमार सोमेश लामिछानेको समेत टोली खटिएको थियो । सो टोलीले खानतलासी गर्दा मगरका छोरा बर्ष २२ का सौगात थापा मगरले आफ्नै घर पछाडी रहेको कुखुराको खोरमा राखेको प्लाष्टिकको ड्रमभित्र ९ एमएमको पेस्तोल ,एकथान म्याग्जिन र सोको गोली ४० राउण्ड फेला परेको थियो ।

सो हतियार ल्याई अनुसन्धान गर्दा उक्त पेस्तोल र गोली भदौ २४ गतेको जेनजी आन्दोलनको क्रममा इप्रका बिर्तामोडबाट लुटेको पुष्टि भएको छ । आइतवार फरार रहेका सौगात थापा मगर पक्राउ नपरेको जनाइएको छ । उनको खोजतलास भइरहेको छ ।उनलाई कन्काई ८ का वर्ष २२ का सुजय राजवंशीले इप्रका बिर्तामोडबाट लुटेर दिएको खुलेको छ । राजवंशीलाई पक्राउ गरेको प्रहरी स्रोतले जनाएको छ ।

## निर्वाचनका लागि दुर्गा प्रसाई कतिको थ्रेट ?



झापा, फागुन ४ । दुर्गा प्रसाई नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, सस्कृति र नागरिक बचाउ महाअभियानले अनिश्चितकालीन बन्द र आम हड्ताल गर्ने चेतावनी दिएको छ ।

सरकारले आफूहरुसंग गरेको १२ बुँदे सहमति फागुन ७ गतेसम्ममा हु-बहु कार्यान्वयन नगरे फागुन ८ गते आन्दोलनको मिति तय गरेर अनिश्चितकालीन नेपाल बन्द र आम हड्ताल गर्ने अभियानले चेतावनी दिएको हो । सो संगठनले यसअघि पनि त्यस्तो चेतावनी दिएको थियो । निर्वाचनको तयारी भइरहेका बेला प्रसाईबाट आएको त्यस किसिमको चेतावनीलाई सुरक्षा निकायले सामान्यरुपमा लिएको छ । पटक पटक असहज क्रियाकलाप गर्दा प्रसाई धैरै पटक पक्राउ परिसकेका छन् । प्रसाई नेतृत्वको अभियान र नागरिक बचाउ दलले बहिष्कार गर्दैमा निर्वाचनलाई खासै असर नपुग्ने विश्लेषण गरिएको छ । झापाका एकजना सुरक्षा अधिकारीका अनुसार प्रसाईको गतिविधिप्रति निगरानी भइरहेको छ । प्रसाईको क्रियाकलापबाट निर्वाचनलाई ठूलो असर पुग्न सक्ने नदेखिएको उनले बताए ।

नागरिक बचाउ दलका अध्यक्ष माधव कल्पितले झापा जिल्लाका सबै पालिकामा आफूहरुको ठूलो संख्यामा कार्यकर्ता रहेको दावी गरेपनि सुरक्षा अधिकारीहरुले जिल्लाभर करिव दुईसयको संख्यामा मात्र प्रसाईको समर्थक रहेको बताएका छन् । नागरिक बचाउ दलका अध्यक्ष कल्पितले आफूहरुले निर्वाचनमा भाग नलिएपनि अरुलाई अवरोध नगर्ने स्पष्ट पारेका छन् ।

## ओलीलाई जिताउन चक्रे मिलन झापा आइपुगे

झापा, फागुन ४ । झापा ५ मा उम्मेदवार बनेका एमाले अध्यक्ष केपी ओलीलाई जिताउन चक्रे मिलन( मिलन गुरुङ) झापा आइपुगेका छन् ।

गोर्खा २ मा उम्मेदवार बनेका गुरुङ सोमवार दिउँसो ३:६ बजे बुद्ध एयरद्वारा चन्द्रगढी विमानस्थल अवतरण गरी दमकतर्फ जान लागेका छन् । उनलाई लिन अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेवसिंह गोम्देन विमानस्थल गएका थिए । नगर प्रमुख गोम्देन र गुरुङ साथी भएको बुझिएको छ ।

अर्जुनधारा नगरपालिकामा उम्मेदवार गुरुङलाई उपप्रमुख खड्गमाया पराजुलीलगायतका जनप्रतिनिधि र कर्मचारीहरुले स्वागत गरेका छन् । गुरुङले अर्जुनधारा नगरपालिकामा रहेको २ नं निर्वाचन क्षेत्रको निर्वाचन कार्यालय अवलोकन गरेका छन् । नगरपालिकामा खाना खाएपछि गुरुङसहितको टोली दमकतर्फ गएको छ ।

# झापामा राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सुरु

झापा । झापामा १६ औँ राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सुरु भएको छ ।

जिल्ला खेलकुद विकास समिति झापाको आयोजनामा गौरादहस्थित जनता माविको खेलमैदानमा प्रतियोगिता सुरु भएको हो । सोमवार विद्यालय पसिरमा आयोजित एक समारोहका बीच कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गरे । उद्घाटन समारोहमा मुख्यमन्त्री कार्कीले प्रदेशका १४ वटै जिल्लामा आगामी वर्षदेखि राष्ट्रपति रनिङ शील्ड प्रतियोगिताका लागि बजेट व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरे ।

जिल्ला खेलकुद विकास समिति झापाका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त'को अध्यक्षतामा आयोजित प्रतियोगिता उद्घाटन समारोहमा विभिन्न माध्यमबाट झापाको खेलकुद क्षेत्रको विकासमा योगदान पुर्‍याउने खेलाडी, प्रशिक्षक एवम् सामाजिक संघ-संस्थालाई सम्मान गरिएको थियो ।



खेलाडीको रुपमा खेल क्षेत्रमा पदार्पण गरी पछि प्रशिक्षकको रुपमा खेलक्षेत्रमा योगदान पुर्‍याउँदै अवकाश प्राप्त गर्ने तेक्वान्दो प्रशिक्षक हरिबहादुर भुजेल र एथलेटिक्स प्रशिक्षक गोपाल यादव, त्यस्तै, एथलेटिक्सबाट विश्वमा नेपालको पहिचान बनाउन सफल अल्ट्राधाविका पुष्पा शेर्मा, झापामा पहिलो पटक महिला गोल्डकप आयोजना गरेर महिला फुटबलको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने झापा महिला गोल्डकपका अध्यक्ष सन्तोष थोप्रा तथा संस्थागत रुपमा झापा उद्योग वाणिज्य संघलाई प्रमुख अतिथि मुख्यमन्त्री कार्की, गौरादह नगरपालिकाका प्रमुख छत्रपति सुवेदी, गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीलगायतले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेका थिए। झापा उद्योग वाणिज्य संघको सम्मानपत्र महासचिव सुमन मैनालीले ग्रहण गरेका थिए ।

गौरीगञ्ज गाउँपालिकाका निवर्तमान उपाध्यक्ष एवम् पूर्व खेलाडी दीपेन्द्र थापा र कराते प्रशिक्षक दुर्गाराज निरौलाले संयुक्त रुपमा सञ्चालन गरेको समारोहमा स्वागतसहित अध्यक्ष भण्डारीले प्रतियोगिताको बारेमा जानकारी गराउँदै पर्याप्त बजेटको व्यवस्था नभइरहेको अवस्थामा गौरादह नगरपालिकाले व्यवस्थापनको जिम्मा लिएर प्रतियोगिता सम्पन्न गर्न हौसला प्रदान गरेको बताए ।

झापाका १५ वटै स्थानीय तहबाट सहभागी खेलाडी विद्यार्थीहरुले १२० स्वर्ण, १२० रजत र २४० कास्य पदकका लागि विभिन्न ६ विधामा प्रतिस्पर्धा गर्ने जिल्ला खेलकुद विकास समिति झापाका कार्यालय प्रमुख विष्णुकुमार नेम्बाङले जानकारी दिए ।

उद्घाटनसँगै भलिबल, कबड्डी र मासलआर्टका खेलहरु सञ्चालन भएको पनि नेम्बाङले बताए ।

तीन दिनसम्म सञ्चालन हुने यस प्रतियोगिताबाट सर्वोत्कृष्ट खेलाडीहरुले कोशी प्रदेशस्तरीय प्रतियोगितामा सहभागिता जनाउने समितिका सदस्य तथा प्रवक्ता जगन कार्कीले जानकारी दिए ।

# सुखानी सन्देशको विशेषांक सार्वजनिक

भद्रपुर । वैदेशिक रोजगारको विषयमा तयार पारिएको सुखानी सन्देश साप्ताहिकको विशेषांक चन्द्रगढीमा सार्वजनिक गरिएको छ ।

भद्रपुर प्रेस क्लवको सभाहलमा आयोजित कार्यक्रममा नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष तीर्थ कोईराला, नेपाल पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष धनबहादुर पन्धाक ,पत्रकार महांघ झापाका पूर्व अध्यक्ष तारामणि सापकोटा, संञ्चारिका समूह झापाकी अध्यक्ष लीला अनमोललगायतले मन्तव्य राख्दै म्यागेजिन विषयगत पत्रकारिताको महत्वपूर्ण दस्तावेज भएको बताउँदै वैदेशिक रोजगार बाध्यता मात्र नभएर रहर पनि रहेकोले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिन सफल भएको धारणा राखेका थिए ।



कोईरालाले म्यागेजिनको विमोचन गरेका हुन् ।

प्रेस क्लब भद्रपुरको आयोजनामा सम्पन्न कार्यक्रममा म्यागेजिनको बारेमा नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीले प्रकाश पार्दै वैदेशिक रोजगारका बारेमा महत्वपूर्ण दस्तावेज रहेको भन्दै पाठकले पढ्नै पर्ने संग्रह रहेको बताए ।

क्लबका अध्यक्ष राजबाबु शंकरको अध्यक्षतामा तथा उपाध्यक्ष रोहित काफ्लेले संचालन गरेको कार्यक्रमको स्वागत महासचिव भेषराज नेपालले गरेका थिए ।

# इटालीलाई हराउँदै इङ्ल्यान्ड सुपर ८ मा




मुम्बई । आइसीसी टी-२० विश्वकप समूह सीअन्तर्गत इङ्ल्यान्डले इटालीलाई २४ रनले हराउँदै सुपर ८ मा प्रवेश गरेको छ।

कोलकाताको इडन गार्डेनमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको इङ्ल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै २०२ रन बनाएको थियो।

इङ्ल्यान्डले दिएको २०३ रनको विजयी लक्ष्य पछ्याएको इटाली निर्धारित २० ओभरमा अलआउट हुँदै १७८ रनमात्रै बनाउन सक्यो।

इटालीका लागि वेन मानेटीले सर्वाधिक ६० रनको अर्धशतकीय पारी खेले। उनले २५ बलमा ४ चौका र ६ छक्का प्रहार गरे। ओपनर जस्टिन मोस्काले ४३ रन बनाउँदा कप्तान ह्यारी मानेटीले १२ रन बनाए। ग्रान्ट स्टिवार्टले ४५ र जसप्रित सिंहले १२ रन बनाए। २ खेलाडी डकआउट हुँदा इटाली १७८मा अलआउट भएको हो।

इङ्ल्यान्डका लागि ज्यामी ओभरटन र साम करनले ३-३ विकेट लिए। जोफ्रा आर्चरले २ विकेट लिँदा विल ज्याक्स, आदिल रसिदले १-१ विकेट लिए। त्यसअघि पहिलो इनिङ्समा ब्याटिङ गरेको इङ्ल्यान्डका लागि विल ज्याक्सले सर्वाधिक ५३ रनको अविजित अर्धशतकीय पारी खेले। उनले २२ बलमा ३ चौका र ४ छक्का प्रहार गरे। ओपनर फिल साल्टले २८ रन बनाए। ज्याकोब वेथेलले २३, टम ब्यान्टनले ३० रन बनाए। कप्तान ह्यारी ब्रुकले १४ रन, साम करणले २५ रन बनाए। ज्यामी ओभरटनले १५ रन बनाउँदै क्याच भए। जोफ्रा आर्चर १ रनमा अविजित रहे।

इटालीका लागि ग्रान्ट स्टिवार्ट र कृशन कालुगामागेले समान २-२ विकेट लिए। जे जे स्मुटस, अलि हसन र वेन मानेटीले १-१ विकेट लिए। इङ्ल्यान्ड समूहको उपविजेताको रूपमा सुपर ८ खेल्नेछ। समूह सीबाट नेपाललाई ९ विकेटले हराउँदै वेस्ट इन्डिज सुपर ८ पुगिसकेको छ।

# चुनावका मुखमा पार्टी फेरबदल





झापा । संघीय लिम्बुवान मञ्चका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानुहाङ इम्बुङसहित २८३ जना श्रम संस्कृति पार्टीमा प्रवेश गरेका छन्। २०७९ सालको प्रतिनिधि सभा सदस्य पदमा झापा ४ बाट उम्मेदवार भएका लहानसिंह तोम्बापो पनि सो पार्टीमा प्रवेश गरेका हुन्।

शिवसताक्षी नगरपालिका-झिलझिले उत्तरस्थित निर्माणाधीन बसपार्कमा सोमबार आयोजित चुनावी आमसभामा उनीहरू औपचारिक रूपमा पार्टी प्रवेश गरेका हुन्। प्रवेश गर्नेहरूमा संघीय लिम्बुवान मञ्चका केन्द्रीय सदस्यहरू समेत रहेको श्रम संस्कृति पार्टीका शिवसताक्षी नगर अध्यक्ष नरविर फागो (भाग्य) ले जानकारी दिए।

पार्टी प्रवेश कार्यक्रमसँगै आयोजित सभालाई सम्बोधन गर्दै श्रम संस्कृति पार्टीका केन्द्रीय अध्यक्ष हर्क साम्पाङ राईले शिक्षा, कृषि र श्रम संस्कृतिमा क्रान्ति नभएसम्म नेपालमा विकास सम्भव नहुने बताएका छन्। उनले मुलुकलाई आत्मनिर्भर बनाउने आधार शिक्षा र कृषि भएको उल्लेख गर्दै पुराना राजनीतिक दलहरूले जनताको अपेक्षा पूरा गर्न नसकेकै कारण नयाँ राजनीतिक शक्तिको उदय भएको दाबी गरे।

"शिक्षा र कृषिमा क्रान्ति नभएसम्म नेपालमा विकास सम्भव छैन," साम्पाङले भने, "पुराना पार्टीहरूले जनताको सपना पूरा गर्न सकेनन्, त्यसैले नयाँ पार्टी जन्मिएको हो।" उनले श्रम संस्कृति पार्टी इतरका केही नयाँ दलहरू विदेशी पैसाको प्रभावमा खुलेको आरोप लगाए। बिना एजेन्डा दललाई मत दिनु व्यर्थ हुने भन्दै उनले जनतालाई प्रश्न गरे, "तपाईँहरू केही कुरा सोध्नुस्, नबोलिकन घन्टी हल्लाउँदै हिँड्छन्। यस्तो पार्टीबाट देशले कसरी निकास पाउँछ?" साम्पाङले युवापुस्तालाई श्रम र उत्पादनसँग जोड्नु पार्टीको मुख्य लक्ष्य भएको स्पष्ट पारे। उनले भने, "हाम्रो पार्टीले युवालाई क्यारमबोर्ड र लुडोमा च्याम्पियन बनाउँदैन। खेलेर समय खेर फाल्ने युवा-युवतीलाई श्रममा लगाउनु हाम्रो उद्देश्य हो।"

साम्पाङले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति लक्षित गर्दै घन्टी चिन्हसँग कुनै स्पष्ट भिजन नभएको आरोप लगाए।

त्यस्तै रास्वपाका एकजना कार्यकर्ता एमालेमा प्रवेश गरेका छन् । झापा ५-का कार्यकर्ता भरत खनाल एमालेमा प्रवेश गरेका हुन् ।

# बिर्तामोड ७ मा लागूऔषधसहित एकजना पक्राउ



झापा फागुन ४ । झापाको बिर्तामोड ७ मा लागूऔषधसहित एकजना पक्राउ परेका छन् । आइतवार दिउँसो १ बजे बिर्तामोड ७ मियाँबारी बस्ने मागु मियाँको घरमा लागूऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा अस्थायी प्रहरी चौकी गरामनीबाट प्रहरी सहायक निरीक्षक भुपेन्द्र कार्कीको कमाण्डमा टोली खटिएको थियो । टोलीले खानतलासी गर्दा कोठाबाट प्लास्टिकसहित १ग्राम७८० मिलिग्राम र प्लास्टिकबाहेक ३८० मिलिग्राम ब्राउन सुगर बरामद गरी मागु मियाँका छोरा बर्ष २७ का महमद सजाकलाई पक्राउ गरेको हो। उनलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीका लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

# दुर्गा प्रसाईं फेरि पक्राउ

झापा । बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईंलाई प्रहरीले भक्तपुरबाट पक्राउ गरेको छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई सोमबार घरबाटै पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एकजना अधिकृतले बताए ।

प्रसाईंलाई भद्रकालीस्थित जिल्ला प्रहरी परिसरमा ल्याइएको छ ।

यसअघि माघ २३ मा पनि पक्राउ परेका प्रसाईं हाजिर जमानीमा छुटेका थिए । त्यसबेला निर्वाचनबारे उनले बोलेका कुरालाई प्रहरीको साइबर ब्यूरोले अनुसन्धानको ' आधार' बनाएर बयान लिएर छाडेको थियो ।

प्रसाईंले फागुन २१ मा हुन लागेको निर्वाचन विथोल्ने अभियान सुरु गर्न लागेको आशंका प्रहरीले उनलाई पटक पटक पक्राउ गर्दै आएको छ ।

माघ ५ मा पनि पोखराबाट पक्राउ परेका प्रसाईंसँग प्रहरीले बयान लिएर छाडेको थियो ।

**बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।**

- बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं ।
- अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं।
- शहर तथा घना वस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं।
- अनुमति दिँदानै तोकिएको शुल्क प्राप्त गरौं।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं।
- वाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं।
- वाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं।
- स्थानीय तहको आम्दानी बृद्धि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

कोशी प्रदेश, झापा जिल्ला,भद्रपुर नगरपालिका वार्ड नं.-६मा बस्ने श्री राम प्रसाद महतोका छोरा,श्रीमती गुरिया महतोका पति श्री बिनोद महतोको मिति वि.सं.२०८२/१०/११गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चन्द्रगढीमा रहेकोचल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती गुरिया महतोले मिति वि.सं.२०८२/१०/२९मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

# विभेदपूर्ण तरिकाले मतदान अधिकृत खटाएको गुनासो

झापा । झापामा विभेदपूर्ण तरिकाले मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउन लागेको भन्दै कर्मचारी तहबाटै गुनासो आएको छ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापाका मतदान केन्द्रहरूमा खटाउने कर्मचारी तथा शिक्षकको नामावलीसहितको विवरण मुख्य निर्वाचन अधिकृतको कार्यालय भद्रपुरले तयारी पारी क्षेत्रगत निर्वाचन अधिकृतको कार्यालयहरूमा पठाइसकेको छ।

अहिले मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्रगत निर्वाचन अधिकृतको कार्यालयहरूले त्यही विवरण अनुसार मतदान अधिकृत र सहायक मतदान अधिकृतको सूची तयारी पारिरहेको जनाइएको छ। सूचीमा निजामती कर्मचारी तहबाट मतदान अधिकृत र सहायक मतदान अधिकृत छनोट प्रक्रियामा विभेद भएको भन्दै कर्मचारीनिकट ट्रेड युनियनहरूले आवाज उठाएका छन्। संघीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐन अनुसार मतदान अधिकृत र सहायक मतदान अधिकृत तोकिने प्रक्रियामा विभेद भएको छ। संघीय निजामती सेवा ऐन नआएको अवस्थामा कर्मचारीको श्रेणी तोकिएको छैन। प्रदेश निजामती सेवा ऐन जारी भई कर्मचारीको श्रेणी तोकिएको अवस्था छ।

अहिले सुब्बा तहका छैटौं श्रेणी भएकालाई मतदान अधिकृत तोकिदैछ। तर, संघीयमा कार्यरत सुब्बा तहका कर्मचारीको श्रेणी नहुँदा ती कर्मचारीलाई सहायक मतदान अधिकृतमा तोकिँदैछ। संघीयमा १५ वर्षसम्म सेवा प्रदान गर्ने सुब्बा कर्मचारी छन्।

प्रदेशमा पाँच वर्ष पूरा गर्नेबित्तिकै छैटौं श्रेणी तोकिन्छ। सेवा अवधि अनुसार सिनियर सुब्बा तहका कर्मचारीलाई तल्लो पदमा सहायक मतदान अधिकृतमा तोकेर खटाउन खोज्दा समस्या देखिएको नेपाल निजामती कर्मचारी संगठन झापाका अध्यक्ष हिरण्य न्यौपानेले बताए।




यी समस्याहरू अन्य जिल्लाहरूमा पनि संघीय निजामती सेवा ऐन जारी नहुँदा यो समस्या देखिएको बताउँदै अध्यक्ष न्यौपानेले भने, 'यस बारेमा साथीहरूबाट आवाज उठेकोले यस बारेमा जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय झापाको ध्यानाकर्षण गराइसकेका छौं। ऐनका कारण कर्मचारीमाथि विभेद हुनु हुँदैन।' ' निर्वाचन सफल बनाउन आपसी समझदारी गरी सम्बन्धित निकायले मतदान अधिकृत र सहायक मतदान अधिकृत तोक्नुपर्छ,' उनले थपे।

नेपाल निजामती कर्मचारी युनियन झापाका अध्यक्ष लक्ष्मी दाहालका अनुसार विभेदको विषयमा गुनासाहरू नामावली सार्वजनिक भएपछि आउन सक्छन् । उनले भने, 'यस बारेमा हाम्रो ध्यानाकर्षण भयो, यस बारेमा अन्य आधिकारिक ट्रेड युनियनहरूका अध्यक्षहरूसँग छलफल गरी संयुक्त रूपमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने छौं।'

त्यस्तै नेपाल राष्ट्रिय कर्मचारी संगठन झापाका अध्यक्ष रामचन्द्र बस्नेतले संघीय र प्रदेशको ऐनका कारण विभेदपूर्ण तरिकाले कर्मचारी खटाउने लागेको विषयमा संगठनभित्रकै साथीहरूबाट गुनासो आएको बताएका छन्। सरकारले संघीय ऐन नल्याउँदा केही साथीहरू समस्या परेको बताउँदै अध्यक्ष बस्नेतले भने, 'यस बारेमा मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई जानकारी गराइसकेका छौं, अब यी समस्याको बारेमा केही निचोड पक्कै निस्किन्छ।'

निर्वाचन आयोगको प्रतिनिधिसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशनका २०८२ बमोजिम मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्र भित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी वा उच्च माध्यमिक वा माध्यमिक शिक्षकलाई मतदान अधिकृतमा खटाउने र कर्मचारी वा शिक्षक खटाउन नसकिने भएमा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृतमा खटाउन सकिन्छ।

त्यस्तै गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षकलाई सहायक मतदान अधिकृतमा खटाउने र कर्मचारी वा शिक्षक अपुग भएमा सोभन्दा एक श्रेणी वा तहमुनिको कर्मचारी वा शिक्षकलाई खटाउने व्यवस्था छन्।

साथै मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगानामा रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउने व्यवस्था छ। तर, झापाको हकमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले आयोगको निर्देशिका विपरीत दुःख दिने उद्देश्यले क्षेत्र नै परिवर्तन खटाएको अवस्था छ।

क्षेत्र नम्बर ३ घर भएकालाई क्षेत्र ५ मा, क्षेत्र ५ भएकालाई ३ खटाउँदा यो पटक समस्या देखिएको छ। जसकारण खटिने कर्मचारी र शिक्षकहरू समेत असन्तुष्टि बनेका छन्।

यता सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले संघीय र प्रदेश ऐनका कारण निर्वाचनमा खटाउन लागेका सुब्बा तहका कर्मचारी यी समस्या देखिएको हो। कर्मचारीबाटै गुनासाहरू आएपछि यस बारेमा निर्वाचन अधिकृतहरूसँगको बैठकमा यसलाई समाधान गरी अघि बढ्ने विषयमा छलफल भइसकेको छ।

'उमेरको हकमा सिनियर सुब्बालाई जुनियर भन्दा तल राखेको खण्डमा सिनियरले यस बारेमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय जानकारी गराई ठाउँ परिवर्तन गर्न पाउँछ,' प्रसाईंले भने। झापामा २८५ वटा मतदान स्थल र ८१५ वटा मतदान केन्द्र रहेका छन्। त्यसमध्ये एक हजार ६३० मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाइँदैछ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# हावादारी घोषणापत्र

यही फागुन २१ गतेको निर्वाचनका लागि दलहरुले एकपछि अर्को गर्दै चुनावी घोषणापत्र सार्वजनिक गर्दैछन् । केहीले सार्वजनिक गरिसकेका छन् भने केहीले बाँकी रहेको छ । निर्वाचनअघि गरिने चुनावी घोषणापत्र हावादारी हुने गरेको छ ।

चुनावी घोषणापत्र दलहरूको सिद्धान्त, उद्देश्य र योजना समेटिएको लिखित वाचा हो। त्यसकै आधारमा नागरिकले मत दिन्छन्। नागरिकको भरोसामा टिक्न जित्ने उम्मेदवार र सरकारमा पुग्ने दलले योजना, प्राथमिकता र कार्यक्रम तिनै घोषणापत्रबाट तय गर्नुपर्ने हो। यही कारण जवाफदेह र उत्तरदायी लोकतान्त्रिक प्रणालीमा घोषणापत्रलाई नैतिक मूल्यको कसीमा जाँचिन्छ। वाचा पूरा नगर्ने दल र उम्मेदवार नागरिकको नजरमा अविश्वसनीय ठहर्छन्। तर, नेपालमा चाहिं? राजनीतिमा नैतिकता र जवाफदेही कमजोर भएकाले चुनावी घोषणापत्रको यस्तो हबिगत हुन पुगेको हो । वाचा पूरा नगरे पनि दण्डित हुनु नपर्ने भएकाले हावादारी घोषणापत्र सार्वजनिक गरिन्छन्, मतदाताले अघिल्लो पटकको प्रतिबद्धता किन पूरा नगरेको भनेर ऱ्याखऱ्याख्ती नपारुन्जेल यस्तै भइरहन्छ ।

घोषणापत्र हचुवामै निर्माण हुँदै आएकाले यथार्थभन्दा हावादारी हुने गरेको हो । पार्टीले स्थानीय निर्वाचनका लागि साझा खाका (टेम्प्लेट) मात्र बनाउनुपर्ने हो। घोषणापत्र स्थानीय तहले आफ्नो आवश्यकता, क्षमता हेरेर निर्माण गर्नुपर्ने हो। मतदाताले नै जवाफ माग्ने पद्धति विकास गर्न सके हावादारी घोषणापत्र बनाउने दल वा उम्मेदवार प्रतिस्पर्धामा हार्ने छ ।

मतदातासम्म विस्तारित अति दलीयकरणका कारण जवाफदेही नखोज्ने अभ्यास झाँगिएकाले दलहरूले जनता रिझाउन पूरा गर्नै नसकिने वाचा गर्ने गरेका हुन् ।विगतमा गरिएका प्रतिबद्धता पूरा भए कि भएनन् भनेर दल र उम्मेदवारसँग नागरिकले जवाफ माग्ने अभ्यास छैन। दलीयकरणले हरेक घरलाई गाँजिसकेकाले यस्तो मूल्याक्तन गर्ने पद्धति पनि छैन। स्रोत र क्षमता नबुझीकन जे पनि गरिदिन्छु भनेर जनतालाई आकांक्षा मात्रै बाँड्ने घोषणापत्रका कति वाचा पूरा भए भनेर खोज्नुपर्छ, समीक्षा नगरी मत हाल्नु नागरिकको पनि दोष हो। दलहरुले विगतमा धेरै झुक्याए । अब पनि झुक्याउन खोज्दैछन् । त्यसकारण दलहरुको गुलियो घोषणापत्रमा नभुलेर उसको इमानदारितालाई मूल्यांकन गरौं ।


Pratidin National Daily
प्रतिदिन




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# मतदाता शिक्षाको प्रभावकारिता



• गोविन्द खनाल

लोकतन्त्र केवल शासन प्रणाली मात्र होइन । नागरिक चेतनाको प्रतिफल हो । नागरिकले आफ्नो अधिकार, कर्तव्य र जिम्मेवारीको सचेत रूपमा प्रयोग गरेमा मात्र लोकतन्त्र बलियो हुन्छ । निर्वाचन लोकतन्त्रको केन्द्रीय अभ्यास हो । यसलाई सार्थक बनाउने प्रमुख आधार निर्वाचन वा मतदाता शिक्षा हो । मतदाता शिक्षाबिना निर्वाचन केवल औपचारिक प्रक्रियामा सीमित हुन पुग्छ । जसले लोकतन्त्रको मर्मलाई कमजोर बनाउँछ । यही सन्दर्भमा २०८२ फागुन २१ को प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै देशैभर मतदाता शिक्षा कार्यक्रम अगाडि बढाउनु समयसापेक्ष र अपरिहार्य छ ।

मतदाता शिक्षा मतदातालाई मतदान प्रक्रिया, निर्वाचन प्रणाली, मतपत्र प्रयोग गर्ने तरिका, गोप्य मतदानको महत्व, मत बदर हुन नदिने उपाय तथा आफ्नो मतले शासन व्यवस्थामा पार्ने प्रभावबारे जानकारी र चेतना प्रदान गर्ने समग्र शैक्षिक प्रक्रिया बुझिन्छ । यसको उद्देश्य कुनै राजनीतिक दल वा उम्मेदवारको पक्षपोषण गर्नु होइन । बरु नागरिकलाई स्वतन्त्र, सुझबुझ र जिम्मेवार निर्णय लिन सक्षम बनाउनु हो । सही मतदाता शिक्षा प्राप्त नागरिकले आफ्नो मतको मूल्य बुझ्छन् । लोकतान्त्रिक प्रक्रियामा अर्थपूर्ण सहभागिता जनाउँछन् ।

नेपालका विगतका निर्वाचनसम्बन्धी तथ्याङ्कले मतदाता शिक्षाको आवश्यकता अझ स्पष्ट पारेको देखिन्छ । निर्वाचन आयोगबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत सम्पन्न चार वटा निर्वाचनको तथ्याङ्क विश्लेषणका आधारमा सालाखाला रूपमा बदर मत प्रतिशत देहायबमोजिम रहेको देखिन्छ ।

-संविधान सभा सदस्य निर्वाचन, २०६४ मा कुल मतदाता एक करोड ७६ लाख ११ हजार ८३२ थिए । जसमा १०८६६१३१ मत खसेको थियो भने ५.१५ प्रतिशत मत बदर भएको थियो ।

-दोस्रो संविधान सभा सदस्य निर्वाचन, २०७० मा कुल मतदाता १२१४७८६५ थिए । ९५१६७३४ मत खसेको थियो भने ४.९६ मत बदर भएको थियो ।

-प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा कुल १५४२७९३८ मतदाता थिए । जसमा १०५९३९७१ मत खसेको थियो भने ५.१६ प्रतिशत मत बदर भएको थियो ।

-प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा कुल मतदाता १७९८८५७० थिए । जसमा ११०४७०३४ मत खसेको थियो भने ५.१९ मत बदर भएको थियो ।

माथि उल्लिखित नेपालका प्रमुख निर्वाचनमा बदर मतको प्रतिशत करिब ५ प्रतिशतआसपास स्थिर रहेको देखिन्छ । २०६४ सालको पहिलो संविधान सभा निर्वाचनमा ५.१५ प्रतिशत बदर मत देखिनु नयाँ राजनीतिक व्यवस्था र मतदाताको अनुभव कमीको परिणाम मान्न सकिन्छ । २०७० सालको दोस्रो संविधान सभा निर्वाचनमा बदर मत घटेर ४.९६ प्रतिशतमा सीमित हुनु मतदातामा केही सुधार आएको सङ्केत हो । २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा बदर मत पुनः बढेर ५.१६ प्रतिशत पुग्नु निर्वाचन प्रणाली र मतपत्रको जटिलतासँग जोडिएको देखिन्छ । २०७९ सालको निर्वाचनमा बदर मत ५.१९ प्रतिशतमा रहनुले उल्लेखनीय सुधार हुन नसकेको देखाउँछ । खसेको मतको संख्या बढ्दै जाँदा बदर मतको प्रतिशत लगभग स्थिर रहनु चिन्ताको विषय हो । यसले मतदाता शिक्षाको प्रभाव सीमित रहेको सङ्केत गर्छ । निर्वाचन प्रणाली 'पहिलो हुने निर्वाचित हुने' भए पनि मत बदरको समस्या कायमै छ । यसले प्रक्रिया बुझाइ र व्यावहारिक प्रशिक्षण अभाव देखाउँछ । भविष्यमा लक्षित र व्यावहारिक मतदाता शिक्षाबिना बदर मत घटाउन कठिन देखिन्छ । विशेष गरी २०७९ सालको निर्वाचनमा बाँके, रोल्पा, सल्यान र जाजरकोट जस्ता जिल्लामा बदर मतको सङ्ख्या बढी हुनु शैक्षिक अवस्था, सूचनाको पहुँच र प्रभावकारी मतदाता शिक्षा अभावसँग जोडिएको देखिन्छ । यसैले मतदाता शिक्षालाई सामान्य कार्यक्रम होइन, लोकतान्त्रिक आवश्यकताका रूपमा स्थापित गर्छ ।

विगतका निर्वाचनमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भए पनि ती कार्यक्रम प्रायः सीमित समय, सीमित स्रोत र औपचारिक ढाँचामा सीमित रहे । निर्वाचन नजिकिएपछि मात्र सञ्चालन गरिने यस्ता कार्यक्रमले ग्रामीण क्षेत्र, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय तथा पहिलो पटक मतदान गर्ने युवालाई पर्याप्त रूपमा समेट्न सकेनन् । यस पटक बाल शिक्षा पढाउने शिक्षक परिचालन गर्ने विषयमा भएको छलफल सकारात्मक देखिन्छ । कार्यक्रमको गुणस्तर, सामग्रीको स्पष्टता र प्रभावकारी अनुगमनबिना यसले अपेक्षित परिणाम दिन सक्दैन । मतदाता शिक्षा नागरिकका मौलिक हक र अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई मतदान गर्ने मौलिक हक प्रदान गरेको छ । अधिकार केवल कानुनी प्रावधानमा सीमित रहँदा मात्र सार्थक हुँदैन । नागरिकले आफ्नो अधिकार सचेत रूपमा प्रयोग गर्न सकेमा मात्र लोकतन्त्र बलियो हुन्छ । मतदाता शिक्षा मौलिक हकको व्यावहारिक अभ्यास हो । जसले नागरिकलाई अधिकारसँगै जिम्मेवारीबोध गराउँछ ।

अन्तर्राष्ट्रिय अभ्यासले पनि मतदाता शिक्षाको महत्व पुष्टि गर्छ । विश्वका धेरै लोकतान्त्रिक मुलुकमा मतदाता शिक्षा दीर्घकालीन नागरिक शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरिएको छ । क्यानडामा विद्यालय तहदेखि नै नागरिक शिक्षा समावेश गरिनु, अस्ट्रेलियामा समुदायस्तरमा निरन्तर कार्यक्रम सञ्चालन हुनु तथा अस्ट्रिया र नर्वेमा डिजिटल माध्यमको व्यापक प्रयोग हुनु त्यहाँका प्रमुख अभ्यास हुन् । यी अनुभवले मतदाता शिक्षा निर्वाचनको समयमा मात्र होइन, निरन्तर चलिरहने प्रक्रिया हुनुपर्ने स्पष्ट सङ्केत गर्छन् । मतदाता शिक्षामा राजनीतिक दलको भूमिका पनि महत्वपूर्ण हुन्छ । दलहरूले आफ्ना कार्यकर्ता तथा समर्थकलाई सही मतदान प्रक्रिया सिकाउने र मत बदर नगर्न सचेत गराउने जिम्मेवारी लिनु पर्छ । मतदाता शिक्षाका नाममा दलगत प्रचार गर्नु लोकतान्त्रिक मूल्य र कानुनी मान्यताविपरीत हुन्छ । त्यसैले राजनीतिक दलको भूमिका तटस्थ, जिम्मेवार र सहयोगी हुनु पर्छ ।

निर्वाचन आयोग मतदाता शिक्षाको प्रमुख जिम्मेवार निकाय हो । कार्यक्रमको मोडालिटी तय गर्ने, पाठ्यसामग्री विकास गर्ने, प्रशिक्षक परिचालन गर्ने र सम्पूर्ण प्रक्रियाको अनुगमन गर्ने दायित्व आयोगकै हो । यस पटक आयोगले कम बदर मत हुने गरी कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य छ । त्यो लक्ष्य हासिल गर्न तथ्याङ्कमा आधारित योजना, जोखिम क्षेत्रको पहिचान र लक्षित कार्यक्रम अनिवार्य हुन्छ । आयोगले प्रदेशस्तरमा सञ्चालन हुने निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रमको समन्वय सुदृढ बनाउन विशेष निर्देशन जारी गर्नु आवश्यक छ । स्रोत सामग्रीको तयारी, उत्पादन र वितरणमा गुणस्तरीयता सुनिश्चित गर्न केन्द्रीकृत योजना बनाउनु पर्छ । जिल्ला निर्वाचन कार्यालयद्वारा सञ्चालन हुने कार्यक्रमको अनुगमन र सुपरिवेक्षण नियमित रूपमा प्रभावकारी ढङ्गले गर्नुपर्ने छ । निर्वाचन शिक्षा तथा सूचना केन्द्रको व्यवस्थापन र सञ्चालनमा निरन्तर सुधार गर्दै पहुँच विस्तार गर्न सुझाव दिन सकिन्छ । स्थानीय तहमा सञ्चालन हुने विद्यालयस्तरीय र आम पहुँच कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न आयोगले प्रत्यक्ष निगरानी बढाउनु पर्छ । रेडियो, टेलिभिजन र डिजिटल माध्यममा प्रसारण हुने सामग्रीको प्रभावकारिता मूल्याङ्कन गर्न मापदण्ड निर्धारण गर्नु उपयुक्त हुने छ ।

सरकारको भूमिका नीतिगत तथा संरचनागत समर्थनमा केन्द्रित हुनु पर्छ । शिक्षा प्रणालीमार्फत दीर्घकालीन नागरिक शिक्षा प्रवर्धन गर्नु सरकारको दायित्व हो । नागरिक समाज र गैरसरकारी संस्थाले स्थानीय भाषा, संस्कृति र आवश्यकतालाई ध्यानमा राखी समुदायस्तरमा मतदाता शिक्षा फैलाउन सक्छन् । उनीहरूको पहुँच र विश्वास मतदाता शिक्षामा महत्वपूर्ण पूरक शक्ति बन्न सक्छ । डिजिटल युगमा सामाजिक सञ्जालको भूमिका झन् प्रभावकारी भएको छ । सही सूचना प्रवाह, भ्रम निराकरण र युवा मतदातासँग प्रत्यक्ष संवादका लागि सामाजिक सञ्जाल उपयोगी माध्यम हो । सामाजिक सञ्जाल प्रयोगको व्यापकतासँगै सही सूचना कुन हो भनी पहिचान गर्न मतदाताका लागि चुनौती बनेको छ । चुनौती न्यूनीकरणका लागि स्वयम् जिम्मेवार बन्ने र नियमनको कडाइ र प्रभावकारिता आवश्यक छ । नत्र भ्रम र गलत सूचना फैलिने जोखिम निरन्तर रहन्छ ।

मतदाता शिक्षालाई दीर्घकालीन र निरन्तर सञ्चालन गरी निर्वाचन प्रक्रिया, मतपत्र प्रयोग र गोप्य मतदानबारे सचेतना अभिवृद्धि गर्नु पर्छ । विद्यालय र विश्वविद्यालय स्तरदेखि नै नागरिक शिक्षा र मतदान अभ्यास समावेश गर्न आवश्यक छ । नमुना मतदान, कार्यशाला र सहभागितात्मक तालिममार्फत मतदाता अनुभव बढाउनु पर्छ । डिजिटल माध्यम, मोबाइल एप र सामाजिक सञ्जाल प्रयोग गरी सही जानकारी प्रवाह र भ्रम न्यून गर्न सकिन्छ । रेडियो, टेलिभिजन र स्थानीय भाषामा प्रचारप्रसारलाई लक्षित र व्यवस्थित बनाउनु प्रभावकारी हुन्छ । राजनीतिक दल र समुदायलाई तटस्थ तर सहयोगी रूपमा प्रशिक्षण र जानकारी दिन प्रेरित गर्नु पर्छ । मतदान केन्द्रमा सरल, स्पष्ट र बोधगम्य निर्देशन र दृश्य सामग्री उपलब्ध गराउनु पर्छ । विशेष समूह पहिलो पटक मतदान गर्ने युवा, महिला, अपाङ्गता भएका व्यक्तिलाई लक्षित शिक्षा प्रदान गर्नु पर्छ । निर्वाचनका क्रममा अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीलाई सुदृढ पार्नु पर्छ । मतदाता शिक्षा, तालिम र सञ्चार माध्यमको संयोजनले मात्र बदर मत न्यून र लोकतन्त्र सुदृढ गर्न सक्छ ।

फागुन २१ को निर्वाचनमा देशभर दर्ता भएका एक करोड ८९ लाखभन्दा बढी मतदाता नेपालको लोकतान्त्रिक सम्भावनाको प्रतिविम्ब हुन् । ती मतदातालाई सचेत, सक्षम र जिम्मेवार बनाउन मतदाता शिक्षा अनिवार्य छ । मतदाता शिक्षा कुनै सहायक कार्यक्रम होइन । यो लोकतन्त्रको आत्मा हो । सचेत नागरिकबिना लोकतन्त्रको दिगोपन सम्भव छैन । मतदाता शिक्षै त्यो चेतनाको मूल आधार हो । गोपबाट

# आवेगको भेल, विवेकको झेल



• ज्ञानकुमार श्रेष्ठ

नेकपा एमालेको एउटा तहको नेता रहिरहँदा पनि निरपेक्ष रूपमा यो पार्टीलाई नै भोट हाल्नुस् भनेको छैन, भन्ने पनि छैन। सचेत नागरिक हुँ। अग्रजहरूले राणा शासनलाई फालेर प्रजातन्त्र ल्याए। राजाले धोका दिएर एकदलीय पञ्चायती व्यवस्था लागू गरी ३० वर्ष शासन गरे। मेरो पुस्ताको समेत संलग्नतामा २०४६ सालको संयुक्त जनआन्दोलनले पञ्चायती व्यवस्थालाई पराजित गरी प्रजातन्त्र र बहुदलीय व्यवस्था पुनर्स्थापित गऱ्यो। नेकपा एमालेको अल्पमतको सरकारले जनपक्षीय काम गऱ्यो।

तर संविधानको गलत व्याख्या गरी सरकार विघटन भयो। दक्षिणको चाहनामा शेरबहादुर देउवाको जम्बो मन्त्रिमण्डल बन्यो। सांसद किनबेच गर्ने विकृत राजनीतिक संस्कार सुरु भयो। पञ्चायती शासकहरूलाई कांग्रेस र एमालेले प्रधानमन्त्री बनाए। जसले संसदीय व्यवस्थालाई एउटा खेल जस्तो बनाए। अस्थिरताको तरल अवस्थामा माओवादीले सशस्त्र विद्रोह रोज्यो। परिणामस्वरूप १७ हजार नेपालीले ज्यान गुमाउनु पऱ्यो। राजनीतिक अस्थिरताकै बीच राजाले शासनसत्ता हातमा लिए। एमाले र कांग्रेसको नेतृत्वमा संसद् पुनर्स्थापित गरियो। माओवादीहरू शान्ति प्रक्रियामा आएपछि संविधानसभाको निर्वाचन भयो। पहिलो बैठकबाटै राजतन्त्र अन्त्य भएको घोषणा गरियो। अहिले जनताको प्रतिनिधिले राज्य सञ्चालन गरिरहेको इतिहास छ। विगतको अध्ययन नगरी वर्तमानको विश्लेषण मात्र गरिँदैछ। नयाँ पुस्ताको यो शैलीले राजनीतिमा अस्थिरता निम्त्याउँछ। यसले देशको सार्वभौमिकता र अखण्डतामा संकट ल्याउँछ।

नयाँ पुस्ताले विकसित देशसँग नेपाललाई तुलना गर्छन्। अमेरिका, अस्ट्रेलिया, जापान, सिंगापुरको स्तर किन पुगेन ? भन्छन्। छिमेकी मुलुक भारत सरह नभएकोमा चिन्ता प्रकट गर्छन्। यस्ता प्रश्नहरू गर्दा इतिहासका पाना पल्टाउनु जरुरी छ। साल २००७, २०१७ र २०४६ पूर्वको अवस्था हेरौं। २०४६ सालको परिवर्तनपछि मुख्य दलहरू नै जवाफदेही छन्। कांग्रेसको बहुमतको सरकार साढे दुई वर्षमै असफल भयो। मध्यावधि निर्वाचनपछि एमालेको अल्पमतको लोकप्रिय सरकार बन्यो। संविधानको गलत व्याख्या गरी एमाले सरकार हटाइएको थियो। यसपछि नै देशमा माओवादी हिंसात्मक आन्दोलन सुरु भयो। २०६२/६३ को आन्दोलनले संघीय लोकतान्त्रिक गणतन्त्र ल्यायो। राजतन्त्रको अन्त्यपछि समाजवादको नयाँ आधार तयार गरियो। संविधानसभाको दोस्रो निर्वाचनले ऐतिहासिक नयाँ संविधान जारी गऱ्यो। एमालेको कार्यकर्ता भएर यो समीक्षा गर्छु। शासन सत्ता सम्हाल्नेले अब जस र अपजस लिनुपर्छ।

पञ्चायतकालमा जनताले बोल्ने अधिकारसमेत पाउँदैनथे। गाउँमा प्राथमिक शिक्षाको समेत कुनै सुनिश्चितता थिएन। छोरीलाई पढाउने सामाजिक र सांस्कृतिक संस्कार नै थिएन। सडक, विद्युत् र झोलुंगेपुलको कुनै व्यवस्था थिएन। नदी तर्न काठको ढुंगाको जोखिमपूर्ण सहारा लिनुपर्थ्यो। स्वास्थ्य चौकीमा सामान्य सिटामलसमेत उपलब्ध हुँदैनथ्यो। जमिनको कर र वन मुद्दाले जनता पीडित थिए। १६ घण्टा श्रम गर्दा पनि पेटभरि खान पुग्दैनथ्यो। त्यस्तो अँध्यारो अवस्थाबाट हामी अहिले यहाँ आइपुगेका छौं। गाउँका कुनाकाप्चामा पनि अहिले विद्यार्थीले १२ कक्षा पढ्छन्, राजधानी वा सहर धाउनु पर्दैन।

भारी बोकेरै भए पनि छोराछोरीलाई बोर्डिङ पढाउँछन्। विश्वका धनी मुलुकमा नेपाली युवाहरू श्रम गर्न पुगेका छन्। त्यहाँको विकास देखेर उनीहरू आफ्नो देश सम्झन्छन्। देश पछि पर्नुमा शासकहरू नै जिम्मेवार भएको ठान्छन्। तर परिस्थितिको विश्लेषण सधैं सापेक्षतामा गरिनु पर्छ। निरपेक्ष ढंगले हेर्दा नेपाल अझै गरिब देश हो। कुन सरकारले के नीति ल्यायो भन्ने बुझ्नुपर्छ। सामाजिक र आर्थिक प्रभावको वस्तुगत विश्लेषण गर्न जरुरी छ। भौतिक विकासको क्षेत्रमा परेको प्रभाव पनि हेरिनुपर्छ। केवल दोष दिएरमात्रै सही निष्कर्षमा पुग्न सकिँदैन। विगत र वर्तमानको दुरी बुझ्नु नै वास्तविक चेतना हो।

नेपाली समाजमा प्रायः सधैं राजनीतिमा धेरै चासो देखिन्छ। विकसित मुलुकका धेरै मानिस राजनीतिमा खासै चासो राख्दैनन्। नेपालमा भने ७० प्रतिशतसम्म मानिसले भोट हाल्ने गर्दछन्। सामन्ती संस्कृतिबाट हुर्केको हाम्रो राजनीतिक संस्कार अझै उस्तै छ। जुन जोगी आए पनि कानै चिरेको भन्ने भान हुन्छ। नयाँ भनिएको पुस्ताले आफ्नै मौलिक सभ्यता बिर्सिंदै गएका छन्। अंग्रेजी मोह र पश्चिमा संस्कृतिले नयाँ पुस्तालाई निकै गाँजेको छ। विश्वबजारमा बिक्ने जनशक्ति बनाउने नाममा बोर्डिङ संस्कार फस्टायो।

विदेशी विश्वविद्यालयको सम्बन्धनले गर्दा शिक्षामा निकै भिन्नता आएको छ। अभिभावकले चाहेको भन्दा नयाँ पुस्ता पूरै फरक भइरहेका छन्। अंग्रेजी भाषाको मोहले गर्दा युवाहरू पश्चिमा संस्कृतिमा डुबेका छन्। अहिलेको नयाँ पुस्ता ऱ्याप गाउन र ट्र्याप खान थाले। पूर्वीय संस्कार भुलेर उनीहरू बाहिरी फेसनमा बढी रमाउन थाले। ध्यान र ज्ञानको सट्टा अँध्यारोमा राजनीतिक खेल खेल्दैछन्। कालो चस्मा लगाएर उनीहरू आफ्नै धुनमा मग्न देखिन्छन्। यी सबै क्रियाकलापले समाजमा डरलाग्दो परिस्थितिको निर्माण गर्दैछ। भविष्यमा यसले धान्न नसकिने खालको गम्भीर संकट ल्याउन सक्छ।

पुरानोको ठाउँमा नयाँ आउनु धेरै राम्रो कुरा हो। तर नयाँहरू कहाँबाट सञ्चालित छन् भन्ने मुख्य हो। लोकतन्त्रमा नागरिकले आफ्नो प्रतिनिधि आफैं छान्ने अधिकार छ। नेपालको मौलिक संस्कृति नष्ट गर्ने खेल भइरहेको देखिन्छ। राज्य नियन्त्रण गर्ने विदेशी खेलप्रति नागरिक सचेत हुनुपर्छ। सामाजिक सञ्जाल चलाउने पुस्ताले मातृभूमि र पुर्खा सम्झनुपर्छ। देश निर्माणमा योगदान गर्ने पुस्ताले सावधानीपूर्वक प्रचार गर्नुपर्छ। नवीन सोच भएका साथीहरूले पनि देशको अस्तित्व बुझ्नुपर्छ। देश रहेमा मात्र नीति र कार्यक्रम लागू गर्न पाइन्छ। राजनीतिक अस्थिरतामा विदेशीले धमिलो पानीमा माछा मार्न सक्छन्। सावधानी नअपनाए हाम्रो देशको सार्वभौमिकता खण्डित हुन सक्छ। देश पुनः अर्ध-उपनिवेशमा प्रवेश गर्ने खतरा उत्तिकै छ। परिस्थिति बिग्रिएमा देशको अस्तित्व नै मेटिन सक्ने देखिन्छ। त्यसैले हरेक सचेत नेपालीले बेलैमा सावधानी अपनाउनु जरुरी छ।

तमाम नेपालीले सही ढंगले राजनीतिक विश्लेषण गर्नुपर्छ। पार्टी र उम्मेदवारहरूको सही ढंगले मूल्यांकन गर्नुपर्छ। ताकि अब जित्ने नेताले देश विकास गरी ती संरचनाको सुरक्षा गर्नुपर्छ। सामाजिक सद्भाव जोगाउँदै प्राकृतिक स्रोतको उपयोग गर्नुपर्छ। रोजगारी सिर्जना गरी उत्पादन बढाउँदै आत्मनिर्भर बन्नुपर्छ। 'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने कार्यक्रम रोज्नुपर्छ। ग्रामीण समुदायका साना समस्याहरू सही ढंगले सम्बोधन गर्नुपर्छ। एमालेको नौ महिने सरकारले जनपक्षीय नीति ल्याएको थियो। मनमोहन अधिकारीको नेतृत्वमा सामाजिक सुरक्षाका कार्यक्रम आए।

अहिले देशका हरेक कुनाकाप्चामा सडकहरू पुगेका छन्। गाउँबस्तीसम्म विद्युत् र माध्यमिक शिक्षाको पहुँच पुगेको छ। प्राथमिक स्वास्थ्य सेवा र ठूला कृषि परियोजनाहरू चल्दैछन्। डाइभर्सनजस्ता गौरवका योजनाहरू पूरा गर्ने कोसिस हुँदैछ। मेलम्चीको पानी ल्याएर खानेपानीको समस्या समाधान गरियो। देशमा अहिले आधुनिक सुरुङ मार्गहरू निर्माण भइरहेका छन्। ऐतिहासिक पारवहन सन्धि गरेर परनिर्भरता हटाइएको छ। भूपरिवेष्ठित मुलुकलाई अहिले भू-जडित बनाउने काम भएको छ।

जलस्रोतको उपयोग गरी विद्युत् बिक्री गर्ने नीति छ। यसबाट ठूलो रकम आर्जन गर्ने लक्ष्य लिइएको छ। भौतिक पूर्वाधार निर्माण गरी सामाजिक सद्भाव कायम गरिनेछ। नेपालको प्राकृतिक सुन्दरता देखाएर पर्यटन प्रवर्द्धन गरिनेछ। मुलुकलाई समृद्ध र नागरिकलाई सुखी बनाउने संकल्प छ। नेकपा एमाले र कांग्रेसले लोकतन्त्रका लागि लडेका हुन्। राजतन्त्रको अन्त्य गर्न यी दलको ठूलो भूमिका छ। जसलाई अहिले पुराना पार्टी भनी आलोचना गरिँदैछ। अँध्यारोबाट उज्यालोसम्म ल्याउन यिनै दलको योगदान छ।

एमालेको नीति र कांग्रेसको साथले यो सम्भव भयो। सत्ता बाहिर रहेकाहरू अहिले निकै छटपटाइरहेका देखिन्छन्। विदेशी शक्तिहरू नेपालको प्राकृतिक स्रोतमा आँखा लगाउँदैछन्। उनीहरू राजनीतिक अस्थिरता निम्त्याएर फाइदा लिन चाहन्छन्। विभिन्न एजेन्टहरू नयाँका नाममा राजनीतिमा देखिएका छन्। उनीहरूले अहिले सामाजिक सञ्जाल कब्जा गरिरहेका छन्। माटोमा पसिना बगाउने किसानहरू नै सच्चा भूमिपुत्र हुन्। तपाईंहरूको हक र अधिकार सुनिश्चित गर्न जरुरी छ। राष्ट्रिय पुँजी र घरेलु उद्योगको संरक्षण गर्नुपर्छ। देशको स्वाधीनता जोगाउनु हामीले नै पर्छ। अपूबाट

# कुन दलले कहाँबाट घोषणापत्र सार्वजनिक गर्दै ?

काठमाडौँ । विगतमा राजधानी केन्द्रित भएर चुनावी घोषणापत्र सार्वजनिक गर्दै आएका राजनीतिक दलहरू यो पटक विकेन्द्रित हुने भएका छन् ।

फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा सहभागी हुने कतिपय प्रमुख राजनीतिक दलले अझैसम्म आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेका छैनन् । निर्वाचन आयोगले यही फागुन ३ गतेभित्र आ-आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्न दिएको समयलाई ठुला भनिने राजनीतिक दलले नै बेवास्ता गरेका छन् ।

प्रमुख र ठुला भनिएका राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र रास्वपाजस्ता राजनीतिक दल र तिनका उम्मेदवारहरूले अहिलेसम्म पनि घोषणापत्रविनै चुनावी अभियानअन्तर्गत मतदाता भेटघाट र घरदैलो गरिरहेका छन् ।

नेपाली कांग्रेसले यही फागुन ६ गते मधेस प्रदेशको धनुषाबाट आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्ने जनाएको छ । त्यस्तै, अर्को दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले फागुन ७ गते कर्णालीको सुर्खेतबाट आफ्नो चुनावी प्रतिज्ञापत्र सार्वजनिक गर्ने जनाएको छ ।





तर नेकपा एमालेले भने अहिलेसम्म घोषणापत्र सार्वजनिक गर्ने मिति खुलाइसकेको छैन ।

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले फागुन ६ गते जनकपुरमा हुने आमसभामा चुनावी घोषणापत्र सार्वजनिक गर्ने तयारी भएको जानकारी दिए । कांग्रेस सभापति गगन थापासहित नेताहरूको सहभागितामा हुने चुनावी सभामा घोषणापत्र सार्वजनिक गरिने उनको भनाइ छ । कांग्रेसले 'भिजन १०' को थिममा प्रतिज्ञापत्रको नाम दिएर घोषणा पत्र तयार पारेको जनाएको छ । कांग्रेस सभापति गगन थापा यो चुनावमा मधेस प्रदेशको सर्लाही निर्वाचन क्षेत्रनम्बर ४ बाट उम्मेदवार बनेका छन् । त्यसैले पनि कांग्रेसले यो पटक मधेसलाई महत्व दिएको हुनसक्ने बताइएको छ ।

'चुनावमा बाचा त धेरैले धेरैपटक गरे । तर, पूरा नगरेको परिणाम उनीहरूले होइन, जनताले भोग्नु पर्‍यो । हामी पूरा नहुने बाचा होइन, जनतासँग प्रतिज्ञाको करार गर्दैछौँ', रास्वपा नेतृ प्रतिभा रावलले भनिन्, 'हामी फागुन ७ गते कर्णालीको सुर्खेतबाट विस्तृत घोषणापत्र सार्वजनिक गर्छौं ।'

नेतृ रावलका अनुसार सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहसहित पार्टीका शीर्ष नेताको उपस्थितिमा घोषणापत्र सार्वजनिक गर्न लागिएको हो । कर्णालीबाट घोषणापत्र सार्वजनिक गर्न लाग्नुमा पार्टीले उक्त प्रदेशलाई विशेष प्राथमिकता दिएको अर्थमा बुझ्नुपर्ने रावलको भनाइ छ ।

अर्को दल नेकपा एमालेले भने घोषणापत्र सार्वजनिक गर्ने समयसमेत निर्धारण गरिसकेको छैन । एमाले अध्यक्ष केपी शर्मा ओली झापाको निर्वाचनमा व्यस्त भएकाले उनी काठमाडौँ फर्केपछि घोषणापत्र सार्वजनिक गर्ने तयारी भएको एमाले केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीले जानकारी दिए ।

'तयारी भइरहेको छ ।

फागुन ६ गते अध्यक्ष काठमाडौँ फर्कने कार्यक्रम छ । सम्भवतः ७ गते हुनसक्छ । त्योभन्दा अघि उहाँ फर्कनुभयो भने अघि नै पनि हुन सक्छ', अधिकारीले भने, 'स्थानचाहिँ अहिलेसम्मका लागि काठमाडौँ नै हुने कुरा छ ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जसपा नेपाल, जसपा, राप्रपा, उज्यालो नेपाल, श्रम संस्कृति, नेपाल मजदुर किसान पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) लगायतका पार्टीले भने चुनावी घोषणापत्र सार्वजनिक गरिसकेका छन् ।

# अनलाइन भ्यालुएसन सफ्टवेयर शुरु भएसँगै राजस्व बृद्धि

**• लक्ष्मी उप्रेती**

मेचीनगर । मेची भन्सार कार्यालय काँकरभिट्टामा भन्सार मूल्याङ्कन डाटाबेस प्रणाली(अनलाइन भ्यालुएसन सफ्टवेयर) सञ्चालनमा आएसंगै राजस्व संकलन सन्तोषजनक भइरहेको पाइएको छ ।

लामो समयदेखि निजी क्षेत्रको विरोध खेप्दै आएको भन्सार मूल्याङ्कनको 'सन्दर्भ मूल्य सूची' प्रणालीलाई विस्थापित गर्दै सरकारले ८ पुसबाट 'मूल्याङ्कन डाटाबेस प्रणाली' लागु गरेको हो । सरकारले सुरु गरेको प्रणालीले नेपालको भन्सार प्रशासनमा पारदर्शिता, निष्पक्षता र एकरूपता ल्याई वैध व्यापारलाई सहजीकरण गर्ने तथा राजस्व चुहावट नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने, छिटोछरितो, पारदर्शी र कम जोखिमपूर्ण बनाउने अपेक्षासहित प्रणाली लागु गरिएपछि कार्यालयको मासिक राजस्व संकलनसमेत बृद्धि भएको छ ।

चालु आर्थिक वर्ष २०८३/८३ को पुस मसान्तमा १ सय १ दशमलव ८८ प्रतिशत राजस्व संकलन गरेको कार्यालयले जनाएको छ । पुस महिनामा एक अर्ब ५५ करोड ९६ लाख ७३ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको मेची भन्सार कार्यालयले एक अर्ब ५८ करोड ८९ लाख २४ हजार रुपैयाँ राजस्व संकलन गरेको जनाएको हो । गत आर्थिक वर्ष २०८१/८२ को सोहि अवधिको तुलनामा राजस्व संकलनमा १७ दशमलव १२ प्रतिशतले बृद्धि भएको हो । माघ महिनामा एकसय २ दशमलव ३४ प्रतिशत राजस्व संकलन भएको छ । एक अर्ब ४७ करोड ८८ लाख ५७ हजार रुपैयाँ लक्ष्य पाएकोमा एक अर्ब ५१ करोड ३४ लाख ३१ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ । कार्यालयको अभिलेख अनुसार चालु आर्थिक वर्षको पहिलो सात महिनामा १० अर्ब ५५ करोड २० लाख ३४ हजार राजस्व संकलन गर्ने लक्ष्य लिइएको कार्यालयले नौ अर्ब ९२ करोड २६ लाख २७ हजार रुपैयाँ वा ९४ दशमलव शुन्य ४ प्रतिशत राजस्व संकलन गरेको छ ।

चालु आर्थिक वर्षमा नेपाल सरकार, अर्थ मन्त्रालय भन्सार विभागले यस कार्यालयलाई १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार रुपैयाँ रूपैयाँ राजस्व संकलनको लक्ष्य दिएको छ । मुलुकको अर्थतन्त्रमा देखिएको समस्याको असर राजस्व संकलनमा परेको सरकारी अधिकारीहरुको दाबी छ ।




यस भन्सार कार्यालयबाट भारत, चीन, बंगलादेश, भुटानलगायतका तेस्रो मुलुकहरुबाट समेत मालवस्तु पैठारी र निकासी गरिँदै आएको छ । कार्यालयको अभिलेख अनुसार चालु आर्थिक वर्षको पहिलो छ महिनाको अवधिमा असोज बाहेक कुनै महिना पनि लक्ष्यको तुलनामा राजस्व संकलन भएको थिएन । पूर्वी नेपालको मुख्य प्रवेशद्वारका रुपमा २०१३ सालमा स्थापित मेची भन्सार कार्यालय नेपालकै ठूला भन्सार कार्यालयहरुमध्ये एक महत्वपूर्ण कार्यालयको रूपमा परिचित छ । मुख्य भन्सार कार्यालयहरु विरगञ्ज, भैरहवा, सुख्खा बन्दरगाह, विराटनगर, रसुवा, त्रिभुवन विमानस्थल, नेपालगन्ज, र तातोपानी पछि राजस्व संकलनको आधारमा नवौं स्थानमा रहेको छ ,यो कार्यालय ।

कार्यालयले चालु आवको पहिलो महिना साउनमा लक्ष्य अनुसार राजस्व संकलन गर्न सकेको थिएन । कार्यालयको लक्ष्य अनुसार एक महिनामा डेढ अर्बभन्दा बढी राजस्व संकलन गनुपर्छ । तर पहिलो साउन महिनामा एक अर्ब २६ करोड ५० लाख ७९ हजार रुपैयाँ अर्थात ९० दशमलव ३२ प्रतिशतमात्र राजस्व संकलन भएको थियो । चालु आवको पहिलो साउन महिनामा एक अर्ब ४० करोड ७५ लाख दुई हजार रुपैयाँ राजस्व असुलीको लक्ष्य थियो ।

भदौ महिनामा एक अर्ब ४५ करोड७१ लाख ७९ हजार रुपैयाँ मासिक लक्ष्य पाएको कार्यालयले एक अर्ब ३६ करोड ४४ लाख ३९ हजार रुपैयाँ अर्थात ९३ दशमलव ६४ प्रतिशतमात्र संकलन गरेर लक्ष्य गुमायो । कात्तिकमा एक अर्ब ६३ करोड ९४ लाख ६१ हजार मासिक लक्ष्य थियो । तर, कार्यालयले एक अर्ब ३० करोड ८१ लाख ८९ हजार रुपैयाँ अर्थात ७९ दशमलव ८० प्रतिशतभन्दा बढी राजस्व संकलन गर्न सकेन् । शुरुदेखि नै ओरालो लागेको राजस्व संकलन अझै पुरानो लयमा फर्किन सकेको छैन । कार्यालयले मंसिर महिनामा समेत लक्षित राजस्व गुमायो । एक अर्ब ५१ करोड ११ लाख ८८ हजार रुपैयाँ लक्ष्य पाएको कार्यालयले एक अर्ब ३६ करोड ७४ हजार रुपैयाँ अर्थात ९० दशमलव शुन्य १ प्रतिशत मात्र राजस्व संकलन गर्न सक्यो । राजस्व संकलन हरेक महिना वृद्धि हुँदै जानुपर्ने भए पनि पहिलो महिनामै राजस्वमा धक्का लाग्दै गएको तथा अनलाइन भ्यालुएसन सफ्टवेयर प्रणाली शुभारम्भ भएसँगै राजस्वमा बृद्धि भएको भन्सार अधिकारीहरुको भनाई छ ।

'राजस्वमा धक्का मुलुकको अर्थतन्त्रमा देखिएको समस्याको असर हो' एकजना सरकारी अधिकारीले भने । आर्थिक क्रियाकलापमा शिथिलता आउँदा त्यसको असर राजस्व संकलनमा देखिएको उनको भनाई छ । नयाँ प्रणालीले वस्तुको मूल्याङ्कन प्रक्रियालाई सुधार गर्नेछ । पारदर्शी र कम जोखिमपूर्ण पनि हुने छ । भन्सार मूल्याङ्ङ्कन डाटाबेस प्रणालीले सम्भावित अनियमितता पनि नियन्त्रण गर्ने, वस्तुको मूल्याङ्कनमा सफ्टवेयरमा आर्टिफिसियल इन्टेलिजेन्स पनि प्रयोग गर्ने योजना रहेको छ । यो प्रणाली लागु भएसँगै उद्योगी व्यवसायीहरूलाई सरकारले अझ बढी विश्वास गरेको स्पष्ट सन्देश दिएको छ । अब सवैले बैध र पारदर्शी व्यपार गर्नुपर्ने सहि र बैध व्यपार गर्ने व्यवसायीलाई सरकाले प्रोत्साहन गर्ने यस्ता व्यापारीसँग हातेमालो गर्ने र चोरी पैठारी गर्नेलाई कारवाही गर्ने कार्यालयको भनाई छ ।

यो प्रणाली शुभारम्भ भएको मेची भन्सार कार्यालय काँकरभिट्टा आठौं हो भने झापाको भद्रपुर भन्सार कार्यालय सातौं हो । यसअघि बीरगञ्ज, विराटनगर, भैरहवा, नेपालगञ्ज, धनगढी महेन्दनगर भन्सार कार्यालयमा अनलाइन भ्यालुएसन सफ्टवेयर सञ्चालनमा आएको मेची भन्सार कार्यालय काँकरभिट्टाका भन्सार अधिकृत रामचन्द्र ढुङ्गानाले बताए ।

# चापागाईले सुरु गरिन् चुनावी अभियान

झापा । नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट झापा क्षेत्र नं २ का उम्मेदवार धर्मशिला चापागाईले सोमवारबाट चुनाव केन्द्रित घरदैलो अभियान शुरू गरेकी छन्। इलाम र झापाको संगमस्थलमा रहेको सुखानीबाट उनले चुनावी अभियान शुरू गरेकी हुन् ।

सोमवार बिहान सुखानीमा आयोजित एक कार्यक्रमका बीच बनेको संविधान २०७२ ले प्रत्याभूत गरेका अधिकारहरू पूर्ण कार्यान्वयन बाँकी रहेको र त्यसको पूर्ण कार्यान्वयनका लागि फेरि आफू उम्मेदवार बन्नु परेको चापागाईले बताइन् । उनले आम मतदातालाई तारा चुनाव चिन्हमा मतदान गरी मुलुकलाई अग्रगमनतर्फ डोहोर्याउन सहयोग गर्न अपिलसमेत गरिन् । उनले सुखानीमा रहेका झापा




त्यहाँ रहेका झापा विद्रोहका सहिदहरुको शालिकमा माल्यार्पण गरी घरदैलो कार्यक्रम सुरु गरिएको निर्वाचन परिचालन समिति संयोजक हरिकुमार रानाले जानकारी दिए ।

'हिजो उहाँ सहिदहरूको बलिदानका कारण आज मुलुक यहाँ छ,' चापागाईले भनिन्, 'शहीदहरूको बाँकी सपना पूरा गर्न यस क्षेत्रबाट मेरो उम्मेदवारी रहेको छ र त्यो मेरो भोलिको कार्यभार हुनेछ ।' माओवादी आन्दोलनको जगमा विद्रोहका सहिदहरुको नेत्र घिमिरे, विरेन सिंह राजवंशी, नारायण श्रेष्ठ, कृष्ण कुइकेल र रामनाथ दाहालको शालिकमा माल्यार्पण गरेकी थिइन्।

चापागाईं संविधानसभा सदस्य तथा पूर्व राज्य मन्त्री हुन । उनले आईतवार पत्रकार सम्मेलन गरी २० बुँदे विस्तृत चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गरेकी थिइन् । सोही प्रतिबद्धता पत्र लिएर आगामी १८ गतेसम्म मतदाताको घरघरमा जाने चापागाईले बताइन् ।

# माँ लक्ष्मी सहकारीको १७ औं साधारणसभा सम्पन्न

झापा । माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था को १७ औं वार्षिक साधारणसभा बिर्तामोडमा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष देवेन्द्रकुमार सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा बिर्तामोड नगरपालिका-४ का वडा अध्यक्ष राहुल शर्मा प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा सहकारीका उपाध्यक्ष राजकुमार राजवंशीको स्वागत मन्तव्य रहेको थियो भने लेखा समिति संयोजक मनोजकुमार रौनियारले कार्यक्रम सञ्चालन गरेका थिए ।



कार्यक्रममा संस्थापक अध्यक्ष धर्मेन्द्र माझी तथा बिर्तामोड उद्योग वाणिज्य संघका विशिष्ट सदस्य निर्मल भट्टराई, राष्ट्रिय प्रजातन्त्र पार्टीका झापा-२ का प्रतिनिधिसभा सदस्य उम्मेदवार भद्रप्रसाद नेपाललगायतले शुभकामना मन्तव्य राख्दै सहकारीको विकास र वित्तीय सुदृढीकरणका विषयमा जोड दिएका थिए ।

साधारणसभाको अवसरमा विभिन्न विधामा उत्कृष्ट व्यक्तिहरूलाई सम्मान गरिएको थियो । उत्कृष्ट बचतकर्तातर्फ श्यामसुन्दर अग्रवाल, उत्कृष्ट उद्यमी (ऋणतर्फ) अइजुल खातुन र उत्कृष्ट कर्मचारीका रूपमा देउमाया रेग्मीलाई सम्मान गरिएको थियो ।

त्यसैगरी २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण विद्यार्थी सौरभ अग्रवाल र नवनिता शाहलाई पनि सम्मान गरिएको थियो । उत्कृष्ट पत्रकारका रूपमा पूर्वाञ्चल दैनिकका सहसम्पादक सुरेन्द्र भण्डारीलाई सम्मान गरिएको थियो ।

त्यस्तै सहकारीमा दुई महिनासम्म कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालेका शत्रुघन प्रसाद गुप्तालाई समेत सम्मान गरिएको थियो ।

संस्थाका अनुसार हाल सहकारीमा एक हजार ७६५ शेयर सदस्य रहेका छन् । सहकारीको शेयर पूँजी रु एक करोड ५९ लाख ६४ हजार १००, निक्षेप रु तीन करोड १७ लाख ७० हजार ६१४ र ऋण लगानी रु दुई करोड २६ लाख ६२ हजार ४५७ रहेको जानकारी दिइएको छ ।

कार्यक्रममा सहकारीका पूर्व अध्यक्ष घनश्याम चौधरी, कर तथा परामर्श सेवा सञ्चालक भुपेन्द्र भण्डारीसहितको उपस्थिति रहेको थियो । साधारणसभाले संस्थाको वार्षिक प्रतिवेदन, लेखा प्रतिवेदन तथा आगामी कार्ययोजना पारित गरेको सहकारीले जनाएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१७

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ